अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।२६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, कलैया उपमहानगरपालिकाको कार्यालयले आ.व. २०७७/०७८ र २०७८/०७९ को लागि सेनिटरी प्याड खरिदमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **कलैया उपमहानगरपालिका, बाराका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रहलाद प्रसाद वर्णवाल, शिक्षा अधिकृत विजय अधिकारी, जिन्सी प्रमुख राजेश ठाकुर र लेखा अधिकृत दिव्या सर्राफले** सागर देवी फर्मा तथा उक्त फर्माका प्रोप्राइटर विमलेश शाहसँगको मिलोमतोमा आ.ब. २०७७।०७८ मा सेनिटरी प्याड खरिद गर्दा सार्वजनिक खरिद नियमावली एवं सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि पालना नगरी/नगराई मिति २०७७।०८।१९ गतेको टिप्पणी निर्णयबाट सेनिटरी प्याडको अस्वभाविक मूल्य प्रति प्याकेट रु.७९.१ कायम गरी लागत इस्टिमेट स्वीकृत गराएको, राष्ट्रसेवकसँगको आपसी मिलेमतोमा एकै परिवारको नाममा रहेका तीन फरक फर्महरुको बोलपत्र पेश गरी/गराई प्रति प्याकेट सेनिटरी प्याडको मूल्य रु.७८ कायम गरी ठेक्का दिएकोमा आ.व.२०७८/७९ मा सोही कम्पनीको सेनिटरी प्याड खरिद गर्दा प्रति प्याकेट रु.२४ मा खरिद गरेको देखिएकोले पछिल्लो बर्ष भन्दा अघिल्लो बर्ष प्रति प्याकेटमा रु.५४ दरले ९६,२८० प्याकेटको जम्मा रु.५१,९९,१२०।- बढी भुक्तानी गरेको हुँदा प्रतिवादीहरु प्रहलाद प्रसाद वर्णवाल, विजय अधिकारी, राजेश ठाकुर हजाम र दिव्या सर्राफको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई बिगो रु.५१,९९,१२०।- (एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैंया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ।

**सागर देवी फर्मा, हेटौडा तथा उक्त फर्माका प्रोप्राइटर विमलेश शाहले** राष्ट्रसेवकसँगको मिलोमतोमा आ.व.२०७७/०७८ को लागि सेनिटरी प्याड खरिद गर्दा प्रति प्याकेटमा रु.५४ को दरले ९६,२८० प्याकेटको जम्मा रु.५१,९९,१२०।– बढी भुक्तानी लिएको देखिएकोले प्रतिवादीहरु सागर देवी फर्मा तथा उक्त फर्माका प्रोप्राइटर विमलेश शाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा बिगो रु.५१,९९,१२०।- (एकाउन्न लाख उनान्सय हजार एक सय बीस रुपैंया) कायम गरी मुख्य कसूरदारहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी विगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल